# खण्ड - १ परिचय

## १. बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिकाको संक्षिप्त परिचय

नेपालको संविधानमा भएको व्यवस्था बमोजिम यस गाउंपालिकाको गठन गरिएको छ । प्रत्येक गाउंपालिका एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुने, त्यसको आफ्नो एउटा छुट्टै छाप हुने, त्यसले व्यक्तिसरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्ने, व्यक्तिसरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्ने व्यवस्था सहितको अधिकार पाई मिति २०७३।११।२७ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम यस गाउंपालिका गठन भइ संचालनमा आएको छ । यस गाउंपालिको भौगोलिक अवस्थिति, नामाकरण लगायत सोंच, लक्ष्य,उद्धेश्य एवं कार्यहरु तल उल्लेख गरीएको छ ।

### १.१.१ भौगोलिक अवस्थिति

अवस्थिति :अक्षांश :- २८.४५' देखि २९.५' उत्तरसम्म

देशान्तर :- ८३.२८' देखि ८४.७' पूर्वसम्म

सिमाना: पूर्व :- मनाङ जिल्ला

पश्चिम :- डोल्पा जिल्ला

उत्तर :- दालोमे गाउंपालिकाको दक्षिणी भाग

दक्षिण :-घरपझोङ गाउंपालिका र थासाङगाउंपालिकाको उत्तरी क्षेत्र

उचाई : समुद्र सतहबाट २८०० मिटर देखि ५३१० मिटर सम्म

क्षेत्रफल: ८८५.७८ वर्ग कि.मि.

जनसंख्या : २,३३० (२०६८)

वडा संख्या : ५

लम्बाई : सरदर ६७ कि.मी.

हावापानी : हिमाली

### १.१.२ गाउंपालिकाको नामाकरण

धेरै पहिले देखि नै मुस्ताङ जिल्लालाई खासगरी ३ क्षेत्रमा विभाजन गरिएको पाइन्छ । माथिल्लो मुस्ताङ (ल्हो), मध्यक्षेत्र वारागुङ,र तल्लो मुस्ताङ थाक क्षेत्रको रुपमा चिनिदै आएकोले यस

गाउंपालिका क्षेत्र मुस्ताङ जिल्लाको बीचमा पर्नेभएको कारण यस क्षेत्रलाई वारागुङ क्षेत्रले चिनिदै आएको र वारागुङ भन्दै आइएकोमा यस गाउंपालिकाको नामाकरण गर्दा उच्चारण नमिलेको कारण भुलबस बाह्रगाउं हुन गएको, हिन्दु तथा बौद्ध धर्मावलम्वीहरुको प्रसिद्ध तीर्थस्थल तथा धार्मिक पर्याटकीय स्थाल मुक्तिनाथ मन्दिरसमेत यसै क्षेत्रमा परेकोले यही मुक्तिनारायण मन्दिर (मुक्तिनाथ बाबा) समेतको संयुक्त नामवाट बाह्रगाउं मुक्तिक्षेत्र गाउंपालिका भनी नेपाल राजपत्रमा सूचना प्रकाशित भएकोमा हाल यस गाउंपालिकाको नाम **बाह्रगाउं मुक्तिक्षेत्र** गाउंपालिका रहन गएको हो । यस गाउंपालिकाको मिति २०७४।४।२ मा वसेको प्रथम गाउं सभा (तयारीसभा) द्वारा यस गाउंपालिकाको वास्तविक नाम **"वारागुङ मुक्तिक्षेत्र"** गाउंपालिका भनी नाम कायम गरिदिनका लागि सम्वन्धित निकायमा सिफारिस गरिसकिएको छ ।

## १.१.३ गाउंपालिकाको प्रशासनिक विभाजन

यस गाउंपालिका कार्यान्वयनमा आउदाको अवस्थामा साविकका निम्नानुसारका गा.वि.स.का वडाहरुलाई हालको गाउंपालिकामा निम्नबमोजिम ५ वडामा कायम गरी सोही अनुसार प्रशासनिक बिभाजन गरिएको छ ।

| साविकका गाविस | साविकका वडा | क्षेत्रफल (वर्ग कि.मी.) | जनसंख्या | हाल कायम भएको वडा | कार्यसंचालन हुने वडाको मुकाम |
|---|---|---|---|---|---|
| मुक्तिनाथ | १ देखि ९ | ५९.५४८ | ६२८ | वडा नं.१ | साविकको मुक्तिनाथ गाविस भवन |
| झोङ | १ देखि ९ | ५०.०१२ | २५३ | वडा नं. २ | साविकको झोङ गाविस भवन |
| छुसाङ | १ देखि ९ | ४९०.७८१ | ५१२ | वडा नं. ३ | साविकको छुसाङ गाविस भवन |
| कागवेनी | ६ देखि ९ | ५८.२९५ | ५५५ | वडा नं. ४ | कागवेनी |
| कागवेनी | १ देखि ५ | २२७.१५२ | ३८२ | वडा नं. ५ | फल्याक |

| जम्मा | ८८५.७८९ | २३३० | | |
|---|---|---|---|---|

## १.१.४ गाउंपालिकाको  मुख्य मुख्य धार्मिक तथा पर्यटकीय स्थलहरु

| क्र.सं | धार्मिक स्थलको नाम | मेला लाग्ने दिन | प्रसिद्धिको कारण |
|---|---|---|---|
| १ | कागवेनी | सोह्रश्राद्ध,चैत्र कृष्ण औशी, नवदुर्गा | शालिग्राम को क्रिडास्थल |
| २ | मुक्तिनाथ | नयां वर्ष, नवदुर्गा ,रामनवमी | हिमालय क्षेत्र , थ्रोङ पास मार्ग, अखण्ड ज्योति |
| ३ | छुसाङ | वाह्रै महिना | कलात्मक  चट्टानी पहाड |

## १.१.५गाउंपालिका वडाहरुको क्षेत्रफल, जनसंख्या र जनघनत्व

| क्र. सं. | गा.पा..को नाम | क्षेत्रफल (वर्ग कि.मि.) | राष्ट्रिय जनगणना २०६८ अनुसारको | | | |
|---|---|---|---|---|---|---|
| | | | घर परिवार संख्या | जम्मा | पुरुष | महिला |
| ङ | वाह्रगाउं मुक्तिक्षेत्र वडा नं १ मुक्तिनाथ | ५९.५४ | १९८ | ६२८ | ३०१ | ३२७ |
| ढ | वाह्रगाउं मुक्तिक्षेत्र वडा नं २ झोङ | ५०.०१ | ८५ | २५३ | ११२ | १४१ |
| घ | वाह्रगाउं मुक्तिक्षेत्र वडा नं ३ छुसाङ | ४९०.७८ | १६८ | ५१२ | २४७ | २६५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| द्ध | वाह्रगाउं मुक्तिक्षेत्र वडा नं ४ कागवेनी | ५८.२९ | १३८ | ५५५ | २७१ | २८४ |
| छ | वाह्रगाउं मुक्तिक्षेत्र वडा नं ५ फल्याक | २२७.१५ | १३६ | ३८२ | १९० | १९२ |
| गाउंपालिकाको जम्मा | | ८८५.७७ | ७२५ | २३३० | ११२१ | १२०९ |

## १.२ विद्यामान अवस्थाको समीक्षा

विगत दुई दशकसम्म जनप्रतिनिधि विहिन अवस्थामा रहेको स्थानीय निकाय कर्मचारीहरुको प्रयासले मात्र सरकारकोको उपस्थिति जनाइरहेकोमा स्थानीय गाउंवासीहरुले समेत विकास निर्माणका कार्यमा अपनत्व लिन नसकिरहेको अवस्थाका कारण अन्यत्र जिल्लाका स्थानीय निकायमा जस्तो तुलनात्मक रुपमा यस क्षेत्रमा सुधारका खासै प्रभावहरु देखापर्न सकेन ।

हिन्दु तथा वौद्ध धर्मावलम्वीहरुको पवीत्र तिर्थस्थल रहेको मुक्तिनाथ मन्दिर, मनाङ र मुस्ताङ जिल्ला प्रवेशको घांटीको रुपमा रहेको थ्रोङपास,पर्यटकीय क्षेत्र, कागखोला र काली गण्डकी नदीको संगमस्थाल कागवेनी धाम, कलात्मक रुपले सीपालु कालिगण्ढले कुदेर वनाएको जस्तो छुसाङ क्षेत्रका कलात्मक चटृनी पहाड तथा भीरपहराहरुको मनोरम दृष्य, शताव्दीयौं अघि गुफामा वस्ने गरेका यस क्षेत्रका आदिवासीहरुको अवशेष आदि जस्ता पर्यटक तथा अनुसन्धानकार्यका लागि उपयुक्त थलोको रुपमा परिचित यस गाउंपालिका क्षेत्र प्रचार प्रसारको अभावमा हालसम्म शोकाकुल अवस्थामा रहेको छ । भरखरैमात्र सडक यातायातले प्रवेश पाएको यस क्षेत्रमा स्वदेशी तथा विदेशी पर्यटकहरुको वृद्धि दिनानुदिन वढ्दै गइरहेको छ ।

## १.२.१ सवल पक्षहरु

यस अघि यस क्षेत्रमा यातायातको साधनका रुपमा रहेको एक मात्र हवाइ यातायातबाट आवागमन गर्ने गरिएकोमा यस क्षेत्रमा क्रमिक रुपले सडक यातायातको सुविधा वढ्दै जानु, शताव्दीयौ अघि देखिको नेपाल तिव्वत व्यपारका रुपमा रहेको कोरालानाका र भारत तर्फको सुनौली नाका जोड्ने सडक निर्माण कार्य द्रुत गतिमा वढ्दै जानु , हिमाली चिसो हावापनी,नेपालकै प्रख्यात स्याउ उत्पान स्थल,बिभिन्न धार्मिक तथा सांस्कृतिक विकासको उर्वर थलो, हिमाली क्षेत्रमा पाइने भेंडा, चयाङग्रा,याक,नाउर,चौरीहरुको वासस्थाल,जस्ता विविध कारणहरुवाट यस क्षेत्र अव पर्यटकीय, व्यपारिक र सांस्कृतिक विकासको संगम स्थलको रुपमा अगाडि लम्कदै गएको छ ।

विश्वमा अन्यत्र कतै नपाइने शालिग्रामको उद्गम स्थल, आदिम कालदखि एकछत्र रुपले वल्दै गरेको प्राकृतिक ज्वाला, वाह्रैमहिना एकछत्र रुपले वहने हावाको प्रवाह, अनुपम प्राकृतिक स्रोत भण्डार जस्ता

विभिन्न प्रकारका अलौकिक स्रोत र साधनवाट सम्पन्न यस क्षेत्रको भविष्य निकै उज्जल वन्ने संभावना देखिएको छ ।

### १.२.२ कमजोर पक्षहरु

चेतनाको अभाव यस क्षेत्रको सवैभन्दा कमजोर पक्षमा लिने गरिएको छ । यस गाउंपालिकामा जोड दुई सम्म पनि अध्ययन गर्ने विद्यालय संचालन हुन नसक्नु, स्थानीय वासिन्दाहरुका वालवालिकाहरु स्थानीय विद्यालयमा पढाउन नखोज्नु,विद्यालयमा विद्यार्थीहरुको संख्या ज्यादै न्यून हुनु, स्थानीयहरु कृषि व्यवसायलाई कम प्राथमिकता दिनु, अधिकांश सम्पन्न परिवारका व्यक्तिहरु वैदेशिक रोजगारबाट प्रभावित हुनु, विकास निर्माणका काममा स्थनीयहरुको सक्रियता नदेखिनु जस्ता अनेकौं कारणले यस क्षेत्रको विकासको ढोका निकै सांगुरो वन्दै गएको छ ।

विभिन्न स्थानमा एक पछि अर्को सेण्डिगेट प्रणालीलाइ महत्व दिनु व्यवसायमा खुल्ला प्रतिस्पर्धाको सट्टा एकाधिकारको प्रवृत्ति अवलम्वन गर्नु व्यपारमा खुल्ला प्रतिस्पर्धाले व्यपार नभइ वाह्या पर्यटकहरुलाईमात्र लक्षित गरी व्यवसाय संचालनमा ल्याउनु, शीत भण्डार जस्ता फलफूल तथा तरकारी वजार संरक्षणको लागि कुनै व्यवस्था नहुनु जस्ता कारणले स्थानीय उत्पादन दिगो रुपमा संचय गरेर राख्न सक्ने परिपाटीको थालनी नभएकोले उत्पादनका समयमा वस्तु तथा वजारले मुल्य नपाउनु र वेशिजनमा स्थानीय उत्पादनको अभाव रहनु नै यस क्षेत्रको कमजोर पक्ष देखिन गएको छ ।

### १.२.३ अवसर

यस गाउंपालिका क्षेत्रका सुधार र विकासका लागि प्रशस्त अवसरहरु रहेका छन् । मुक्तिनाथ मन्दिर जस्तो पवित्र धार्मिक क्षेत्र यसै गाउंपालिकाम रहनु, विदेशी तथा स्वदेशी पर्यटकहरुको लस्कर वढ्दै जानु, प्राकृतिक स्रोत साधनको प्रचुर मात्रमा उपयोग हुनु कागवेनी देखि मुक्तिनाथ मन्दिरसम्मको बाटो कालोपत्रेको रुपमा परिणत हुनु, काठमाण्डौं देखि जोमसोम, सुनौली देखि जोमसोम सम्म सीधा दैनिक रात्री वस सेवा संचालनमा आउनु, पोखरा जोमसोम, दिवासेवामा दैनिक वस तथा जीपहरु संचालनमा आउनु, जोमसाममा काली गण्डकीको पूल संचालनमा आए पश्चात पोखराबाट सीधै स्वदेशी तथा विदेशी पर्यटकहरु कागवेनी,मुक्तिनाथ, छुसाङ हुंदै ल्होमान्थाङसम्मको यात्रामा सहज पहुंच हुनु , भारतीय राजदुतावासबाट समेत मुस्ताङ जिल्लाका विकास निर्माणमा प्रशस्त मात्रमा लगानी वढाउदै जानु जस्ता सकारात्मक कियाकलावहरुले यस क्षेत्रको विकासमा केही आशा लाग्दा अवसरहरु देखिएका छन् ।

म्याग्दीको दानामा वन्दै गरेको विद्युत सव-स्टेशन (पावरहाउस) द्रुत गतिमा निर्माणहुनु, दुर संचारमा आएको विस्तार र सुधार, कागवेनीमा हावाबाट संचालनमा हुने विद्युत गृहको संभाव्यता अध्ययनको कायै थालनी, नवलपरासी , तनहुं, वागलुङ, म्याग्दी हुंदै जोमसोम-कोराला सम्मको उत्तर-

दक्षिण जोड्ने कालिगण्डकी कोरिडोरको द्रुतगतिमा निर्माण आदि जस्ता पूर्वाधारका प्रयत्न र स्थानीय तहमा भएको लगानी विस्तारका कारण अवका दिनहरु यस क्षेत्रका लागि सुखमय हुने अवसर प्राप्त हुने नै छन् भन्ने आशाका किरणहरु देखापारेका छन् ।

### १.२.४ चुनौतिहरु

जसरी विकासका पूर्वाधारहरुका आशा लाग्दा कुराहरु उल्लेख गरिएको छ । त्यसै गरी यस क्षेत्रमा विकासमा चुनौतीहरुपनि प्रशस्त देखिएका छन् ।  जलवायु परिवर्तनको प्रभाव यस क्षेत्रको प्रमुख चुनौतिको रुपमा देखिएको छ । विगत समयमा पानी नपर्ने भनेर चिनिएको यस क्षेत्रमा क्रमशः पानी पर्दै गएको, मुस्ताङको दक्षिणी क्षेत्रबाट मौसम परिवर्तनको प्रभावले फलफूल उत्पादन र खाद्यान्न उत्पानमा क्रमशः प्रभाब वढ्दै गएको  छ । स्याउको उत्पादन पकेट एरिया विस्तारै उत्तर तर्फ धकेलिन खोजेको  छ ।  पानी वढ्दै जांदा यस क्षेत्रका कमला वलौटे पहाहरु वग्दै गइ जमिनको भाग पुरिदै जांदा कतिपय वस्तीहरुमा प्रत्यक्ष असर पर्ने अवस्था देखा परेको छ ।

भरखरै शुरुवात भएको स्थल यातायातको शुरुवात भएको यस क्षेत्रमा हालसम्म कुनै पनि पेट्रोलियम पदार्थ विक्रि गर्ने पम्पको निर्माण हुन नसक्नुका कारण सवारी साधनहरुमा उपयोग हुने पेट्रोलियम पदार्थमा शुद्धता र सहजताको वारेमा विश्वासनीय वातावरण वन्न सकेको छैन, मूल्यमा एकरुपता नभई यसको व्यवस्थापनमा नियमन हुन सकेको देखिदैन । सवारी साधनहरु मर्मत त के पंचरमात्र भएमा पनि पंचर टाल्ने स्थानको अभावका कारण यातायातमा ज्यादै कठिनाइ तथा शास्ती व्यहोर्न पर्नु यसक्षेत्रको  थप चुनौती वन्न पुगेको छ ।

हिमपहिरो सुक्खा पहिरो जस्ता विपतका घटनाहरु  वढ्दै जानु, नदी कटानका कारण वस्ती र खेतवारीहरुमा तटवन्धनको समस्या वढ्दै जानु, साना साना खोला र खोल्साहरुले समेत वहाव परिर्वतन गर्दा यातायातको आवागमनमा कठिनाइ पर्नु यस क्षेत्रको थप चुनौतिक विषयहरु देखिएक छन् ।

यसक्षेत्रको भौगोलिक धरातल र वस्ती तथा खेतीयोग्य जमीन न्यून भएका कारण खाद्यान्नमा समेत आत्म निर्भर हुन नसकेको, खानेपानी, सिंचाइ,यातायातको विस्तार जस्ता विकासका पूर्वाधारका लागि स्रोतको अभाव, पहाड , खौंच र हिमाली भू-धरातलका कारण यातायातको पहुंचमा कमी, चिसो तथा हिउं पर्ने भएकाले हिउदको समयमा सिमेन्टजोडाइ तथा विकासका काममा कठिनाइ , शैक्षिक चेतना तथा जागरणको अभावमा विकासका पूर्वाधार निर्माणमा एउटैमत हुन नसेको कारण गाउं गाउं र वस्ती वस्तीबाट एक अर्कामा सहयोग तथा सद्भावमा सुधार गरी समन्वयमा ल्याउन कठिनाइ परेको छ ।  छिरलिएको वस्तीका कारण खानेपानी, विद्युत, यातायत पूल पुलेसाको व्यवस्थापन गर्न कठिनाइ पर्नु र एकिकृत वस्ती विकासमा सहजता ल्याउन नसकिनु, विहानसम्म सानो अवस्थामा देखिने खोला तथा खोल्साहरु सांझ काबुवाहिरको अवस्थामा देखिनु जस्ता विविध घटना क्रमहरुले यस क्षेत्रको विकास र सुधारमा थप चुनौती थपिएका छन् ।

## १.३ वार्षिक नीति, वजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्वन गरिएको पद्धति

गाउंपालिकाका उपाध्यक्ष्य ज्यूको संयोजकत्वमा गाउंपालिका स्तरीय राजस्व परापर्श समिति गठन भएको र उक्त समितिको स्थलगत अध्ययन समेतबाट राजस्वका स्रोतको सम्भावित आम्दानीका दायरा र करमा दरको प्रक्षेपण अनुसार स्थानीय उपभोक्ताहरुको आर्थिक पहुंच समेतको आधारबाट प्रारम्भिक अवस्थामा रहेको यस गाउंपालिका क्षेत्रका नागरिकहरुलाइ करको दरमा केवल थालनी मात्र गर्ने उद्देश्यले नगन्य मात्रमा कर संकलनको प्रस्ताव गरेको हुंदा हाल आन्तरिक आम्दानीमा उल्लेख्य सुधार हुन सकेको देखिदैन ।

नेपालको संविधानले स्थानीय तहलाइ स्वयत्त र स्वतन्त्र तथा आफ्नो विकास निर्माणका कार्यहरुको छनौटका लागि स्वयत्तता दिएको र स्थानीय जनताले दुइ दशको अन्तरालमा पाएका निर्वाचित पदाधिकारीहरु र तिनै पदाधिकारीहरुबाट आपसी समन्वयमा भएको योजना छनौट कार्य नै यस आ.व. को लागि नीति , वजेट तथा कार्याक्रम छनौटका मूल आधार लिइएका छन् ।

स्थानीय तहको अधिकार र उपयोगका वारेमा स्पष्ट रुपले स्थानीय तहको व्यवथाका लागि कानुन वनि नसकेको हालको अवस्था, भरखरै मात्र राजनीतिक अधिकारको उपयोगको थालनी गरेको नव निर्वाचित जन प्रतिनिधिहरुलाई यस सम्वन्धी पूर्ण ज्ञानको विस्तार भइ नसकेको हालको प्रारम्भिक अवस्थामा विभिन्न चरणका प्रकृयाबाट योजनाहरु छनौट गरिएका छन् ।

स्थानीय तहका अधिकारहरुको उपयोगबाट स्थानीय जनताहरुले विकास निर्माणका कार्यहरुमा आ-आफ्ना गाउं वस्तीहरुमा तत्कालै विकाशले परिवर्तन पाउनु पर्ने भन्ने महत्वकांक्ष्य वढेकोले गाउंवस्तीहरुबाट माग भएका सवै योजना तथा कार्यक्रमहरुलाई सम्वोधन गर्न कठिनाइ पर्नु, ठूला सिंचाइ योजना , यातायात र पूलपुलेसा जस्ता विकास निर्माणका भौतिक पूर्वाधार, पर्यटकीय विकासका लागि भ्यू-टावरको माग वढ्नु , खानपानी तथा सिंचाइका योजनाका लागि स्रोतको अभाव हुनु , स्थानीय उपभोक्ताहरुको आर्थिक अवस्था कमजोर भएका कारण स्थानीय स्तरबाट लगानीको संभावना जुट्न नसक्नु, विगत वर्ष देखि नै सामुदायिक भवन निर्माण,स्थानीय धर्मसंस्कृति अनुसारका गुम्वाको निर्माण तथा मर्मतमा अधिकांशको ध्यान केन्द्रित हुनु जस्ता विविध कारणले दैनिक जीवनमा प्रभाव पार्ने विषयहरु पशु विकास तर्फ भेंडा च्याङग्रा, स्थानीय गाइवस्तुहरुको नस्ल सुधारका कार्यक्रम , कृषि तथा फलफूल जन्य वालीहरुको सुधारका लागि मल, विउ तथा किटनासक औषधिहरुमा अनुदान, स्वस्थ्य सुधारका लागि आवश्यक पर्ने उपकरण तथा औषधि व्यवस्थापन जस्ता स-साना तर प्रभावकारी योजना/कार्यक्रमहरुमा खासै छनौट तथा माग भएका देखिएनन् ।

भैतिक पूर्वाधार विकासमा तटवन्धनका क्रमागत योजनाहरु, सिंचाइ विकासका क्रमागत योजनाहरु , यातायात विस्तारका योजनाहरु, सडकवत्तीका योजनाहरु जेष्ठनागरिक,महिलाहरुका लागि हटरुम र समाजघर निर्माण मर्मत जस्ता विषयहरु यस गाउंपालिका क्षेत्रका प्राथमिकतामा परेका योजना तथा कार्याक्रमहरुमा परेका छन् ।

## १.४ आयोजना प्रथमिकिकरणका आधारहरु

स्थानीय तहको योजना तथा वजेट तर्जूमा दिग्दर्शन २०७४ मा उल्लेखित भए अनुसार सम्वन्धित वडाका वडा अध्यक्ष तथा वडा सदस्यहरु समेतको संयुक्त प्रयासबाट वस्ती वस्तीमा गएर स्थानीय वासिन्दाहरुसंग छलफल तथा समन्वयबाट उनीहरुकै माग वमोजिमका योजना/कार्यक्रमहरु नै योजना प्राथमिकता तथा छनौटका आधारहरुका रुपमा लिइएको छ । त्यस्ता योजनाहरुमा

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान दिने
- कृषि उत्पादनमा बृद्धि गर्ने
- ढल निर्माण,सरसफाइमा सहयोग पुग्ने
- गउंवस्ती संरक्षण, नदी नियन्त्रण तथा तटवन्धन सम्वन्धी योजनाहरु
- जेष्ठ नागरिक, महिला, अशक्तहरुका लागि आवश्यक सहयोग पुग्ने योजनाहरु
- लैङगिक विकास,सामाजिक समावेशीकरणको अभिवृद्धि हुने योजनाहरु
- परम्परा र सांस्कृतिक विकासमा टेवा दिने योजनाहरु
- स्थानीय स्रोत र साधनमा आधारित भइ जनसहभागीता अभिवृद्धि हुने योजनाहरु